का.जि.प्र.का.द.नं. १००/०५९/६०

३ असोज २०७९,
सोमबार
19 September 2022,
Monday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २२६ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



# चोलेन्द्रको सर्वोच्च छिर्ने प्रयास

महाअभियोग प्रस्ताव टुंगो नलगाई प्रतिनिधिसभाको कार्यकाल सकिएको दाबी गर्दै जबरा आइतबार सर्वोच्च अदालत फर्किन खोजेका थिए । प्रहरीले निवासमै कडा सुरक्षा घेरा दिएपछि उनी अदालत जान पाएनन् ।



“ महाभियोग प्रस्ताव दर्ता भयो र पारित नभएपछि कुरा सिद्धियो । सत्तापक्षले (जबरा) लाई सफाइ दियो ।

**केपी शर्मा ओली**
अध्यक्ष, नेकपा एमाले



“ संविधान हेर्दा एस र नो नहुँदासम्म निलम्बन फुकुवाको पत्र दिन मिल्दैन ।

**रोजनाथ पाण्डे**
प्रवक्ता, संसद सचिवालय

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, २ असोज ।

निलम्बित प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराले प्रतिनिधिसभाको कार्यकाल सकिएसँगै आफुविरुद्धको महाअभियोग पनि स्वतः निष्कृय भएको दाबी गर्दै आइतबार सर्वाच्च अदालत छिर्ने प्रयास गरे । तर, उनलाई सरकारले नै सर्वोच्चमा प्रवेश नदिन जबरा निवास र सर्वोच्च परिसरमा सुरक्षा सतर्कता अपनायो । परिणाममा आइतबार सर्वोच्च छिर्ने जबराको प्रयास बिफल भएको छ ।

११ सदस्यीय महाअभियोग सिफारिस समितिबाट शनिबार मात्रै निलम्बित प्रधानन्यायाधीश जबरालाई महाअभियोग लाग्ने सिफारिस भएको थियो । सत्तारुढ गठबन्धनमा आवद्ध दलले महाअभियोग लाग्ने सिफारिस पारित गर्दै गर्दा नेकपा एमाले र लोकतान्त्रिक समाजवादी पार्टीले फरक मत राखेको थियो ।

यही बेला एमालेले निलम्बित प्रधान्न्यायाधीश जबराले सफाइ पाइसकेको दाबी गरेको छ । सोमबार पार्टीको सचिवालय बैठकपछि नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले भने, 'हिजो संसदको अधिवेशन मात्र सकिएन, संसदको कार्यकाल नै सकियो । त्यो महाभियोग प्रस्ताव पारित भएन । दर्ता भयो र पारित भएन भने कुरा सिद्धियो । यसमा सत्तापक्षले उहाँलाई सफाइ दियो । विलम्ब गरेर सफाइ दियो ।' अब संसद सचिवालयले संसदले पास गर्न नसकेको भनेर पत्र दिनुपर्ने ओलीको तर्क छ । तर सरकारले प्रधान्यायाधीशको निवास घेर्नु गैरजिम्मेवारपूर्ण काम भएको उनले बताए ।

महाअभियोग सिफारिस समितिले प्रधान्यायाधीस जबराको निलम्बन जारी राख्न सिफारिस गरे पनि जबराले सर्वोच्च छिर्न प्रयास गरेका हुन् । संविधानविद्हरुका अनुसार महाअभियोग दर्ता भएपछि संघीय संसद सचिवालयले पत्र लेखेर संविधानको धारा १०१ अनुसार कामकारबाही गर्न रोक लगाएको थियो । अब फेरि संसदले निलम्बन फुकुवा नगरेसम्म उनी अदालत – बाँकी पृष्ठ २ मा

## पीएसओ र सरकारी गाडी खोसियो

निलम्बित प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको पीएसओ र सरकारी गाडी खोसिएको छ। गृह मन्त्रालयको निर्देशनमा प्रहरी प्रधान कार्यालय नक्सालले जबराको सुरक्षार्थ खटिएका निजी सुरक्षा अधिकृत फिर्ता बोलाएको हो ।

गृह मन्त्रालयका अनुसार स्कर्टिङमा खटिने प्रहरी टोलीलाई प्रहरी प्रधान कार्यालय नक्साल बोलाइएको छ । औपचारिक समारोहमा प्रयोग हुने 'भीभीआईपी' कार पनि फिर्ता ल्याएको छ । पछुवाका रुपमा प्रयोग हुने जीप पनि प्रधान कार्यालयमा फिर्ता गराइएको छ ।

## छानबिनमा चोलेन्द्रको सम्पत्ति

निलम्बित प्रधान न्यायाधीश चोलेन्द्रशम्शेर जबराको सम्पत्ति छानबिन प्रक्रियामा रहेको पाइएको छ । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले जबराको सम्पत्तिमाथि प्रश्न उठाएर परेको निवेदन छानबिन प्रक्रियामा रहेको जनाएको छ ।

विभागमा सूचना अधिकारी ऋषिराम पोखरेल जबरा प्रधानन्यायाधीशमा बहाल रहँदा नै नागरिक समाजका तर्फबाट निवेदन परेको र त्यसउपर विभाग छानबिन प्रक्रियामा रहेको बताउँछन् । 'न्याय परिषद्बाट आएको सूचना लगायत महाअभियोग सिफारिस समितिले दियो भने विभागलाई थप सूचना प्राप्त हुन्छ' पोखरेल भन्छन, 'अन्यथा, उहाँ (जबरा)को सम्पतिको सम्बन्धमा परेको निवेदनउपरको छानबिन प्रक्रिया बढिसकेको छ ।'

प्रतिनिधिसभाको महाअभियोग सिफारिस समितिले निलम्बित प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर – बाँकी पृष्ठ २ मा

### न्यायालयमा अनियमितता

# ६० लाखको काममा साढे ७ करोड खर्च

एकातिर न्यायालयमा पारदर्शिताको कुरा गर्ने अनि अर्कातिर न्यायालय नै भ्रष्टाचारको चंगुलमा फस्दा देशको आर्थिक अवस्था झनै दयनीय हुने प्रष्ट देखिन्छ ।

**कान्ति न्यौपान / मध्यान्ह**
काठमाडौं, २ असोज ।

न्यायालयमा भ्रष्टाचार लगायतका विषय समेटेर सत्तागठबन्धनले प्रधानन्याधीश जबरालाई महाअभियोग दर्ता गरेको विषय सत्य भएको पाइएको छ । महालेखा परीक्षकले गरेको विस्तृत अध्ययनबाट भवन निर्माणमा चोलेन्द्र राणा सहितका अन्य व्यक्तिको संलग्नता रहेको खुल्न आएको हो । भवन निर्माण गर्ने क्रममा माटो खन्ने प्रयोजनका लागि तयार पारिएको लागत इष्टिमेटमै ७ करोड ५८ लाखभन्दा बढी देखाएर अनियमितता गरेको महालेखाको अध्ययनले देखाएको छ । जसमा प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरा सहित तत्कालीन मुख्य रजिष्ट्रार नृपध्वज निरौला, हालका मुख्य रजिष्ट्रार लालबहादुर कुँवर, रजिष्ट्रार नारायण प्रसाद पन्थी र सहरजिष्ट्रार नारायणप्रसाद रेग्मी रहेका छन् । भवन निर्माणका क्रममा सर्वोच्च अदालतका सहरजिष्ट्रार नारायणप्रसाद रेग्मीको संयोजकत्वमा मूल्याङ्कन समिति गठन भएको थियो । समितिले सर्वोच्च अदालतको नयाँ भवन निर्माणका लागि ५ अर्ब २१ करोड ९१ लाख ७७ हजार ८२ रुपैयाँ लाग्ने प्रतिवेदनसहितको लागत मूल्याङ्कन दिएपछि नै भवन निर्माणमा अनियमितता भएको खुल्न आएको हो ।

अदालतको भवन निर्माणका लागि जग खन्ने क्रममा सर्वोच्च प्रचलित बजार मूल्यभन्दा ७ करोड ५८ लाख ५१ हजार ६४७ रुपैयाँ बढीको लागत अनुमान तयार पारिएको थियो । प्रचलित बजार मूल्यभन्दा ७ करोड बढी लागत अनुमान निकाली मिलेमतैमै भ्रष्टाचार गरेको महालेखाको अध्ययनबाट खुल्न आएको हो ।

भवन निर्माणका क्रममा ठेक्का पाएको बिनापुरी कालिका समानान्तर जेभीलेलागत अनुमानभन्दा शून्य दशमलव ३९ प्रतिशत घटाएर माटो खन्न एक्स्काभेटर प्रयोग गरको थियो । जसमा मानव श्रोतको भने प्रयोग भएकै थिएन । उक्त कामपछि प्रचलित बजार मूल्यमा एक्स्काभेटरबाट जग खन्दा प्रति घनमिटर ५९ रुपैयाँ ६ पैसामात्रै पर्न आउँछ । तर, त्यहाँ अनियमितता गर्न पल्किएका चोलेन्द्र सहितका व्यक्तिहरुले एक्स्काभेटर घनमिटर ५९ रुपैयाँ ६ पैसामा खन्न सकिने जगका लागि लागत अनुमान समिति सदस्यहरूले ७१० रुपैयाँ ७० पैसा देखाइदिए । जसबाट भवन निर्माणमा जग खन्दा भ्याटबाहेक ६० लाख ८३ हजार ७६२ रुपैयाँ ९२ – बाँकी पृष्ठ २ मा

# आज संविधान दिवस

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, २ असोज ।

आज संविधान दिवस । संविधान जारी भएको अवसरमा आज विविध कार्यक्रम गरी संविधान दिवस मनाइँदैछ । संविधान दिवसका अवसरमा राष्ट्रपति विद्यादेवी भण्डारीले सोमबार शीतल निवासस्थित राष्ट्रपति भवनमा कार्यक्रम आयोजना गरेकी छन् ।




### ६८१ को कैद कट्टा

संविधान दिवसका अवसरमा राष्ट्रपति विद्यादेवी भण्डारीले ६ सय ८१ जना कैदी-बन्दीको कैद कट्टा गरेकी छन् । २१ जनाले सजाय माफी पाएका छन् ।

संविधानको धारा २७६ को फौजदारी कसुर ऐन, २०७४ तथा फौजदारी कसुर नियमावली, २०७६ मा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले कैदी-बन्दीको कैद मिनाहा गर्न सक्ने व्यवस्था छ ।

संविधान दिवसकै अवसरमा २२ जनाको कैद, दण्ड, बिगो, सर्वस्व लगायतको जरिवाना मिनाहा भएको छ ।

संविधानको धारा २७६, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५९ अनुसार, मन्त्रिपरिषद्को सिफारिसमा उनीहरूको सजाय माफी भएको राष्ट्रपति कार्यालयले जनाएको छ । सजाय माफी पाउनेमा २१ जना छन् ।

### वैदेशिक रोजगार विशेष

## शाखा कार्यालयका लागि आवेदन खुला, कडा शर्तसहित ६ वटासम्म शाखाको अनुमति दिइने

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ असोज

वैदेशिक रोजगार विभागले म्यानपावर कम्पनीको शाखा सञ्चालनका लागि आवेदन खुला गरेको छ । विभागले सोमबार एक सूचना जारी गर्दै वैदेशिक रोजगार ऐन २०६४, दफा ७४ (२) तथा वैदेशिक रोजगार नियमावली २०६४ को नियम ४७ (२) र वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतपत्र प्राप्त संस्थाको स्वदेशमा कार्यालय सञ्चालन कार्यविधि २०७९ अनुसार शाखा कार्यालयका लागि दरखास्त आह्वान गरेको बताएको छ ।

शाखा कार्यालय सञ्चालनको अनुमतिका लागि म्यानपावर कम्पनीले निवेदनका साथमा शाखा कार्यालय खोल्ने सम्बन्धमा सञ्चालकको निर्णय, यसअघि शाखा खोलेको भए – बाँकी पृष्ठ २ मा

## श्रममन्त्री कुँवरद्वारा अछामका पहिरो पीडितलाई राहत

**काठमाडौं / मस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शेरबहादुर कुँवरले अछामका पहिरो पीडितहरुलाई नगदसहित राहत वितरण गरेका छन् ।



आइतबार काठमाडौंबाट धनगढी हुँदै अछाम पुगेका मन्त्री कुँवरले पहिरो प्रभावित क्षेत्रको अनुगमन गर्दै पीडित परिवारहरुलाई नगदसहित – बाँकी पृष्ठ २ मा

## ROMANIA मा रोजगारको अवसर
कम्पनी : WORKPOWER SRL
शहर : ROMANIA

पूर्व स्वीकृत मितिः २०७८/०५/१६ | चलानी नं.: ६०१६२२४३ | LT. No.: 244676 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labours | 5 | 0 | सम्बन्धित काममा दक्ष | 600 | ७६,३७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Hospitality Worker | 14 | 0 | | 600 | ७६,३७४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज १० देखि २४ गते सम्म (26 Sept. to 10 Oct. 2022) मा हुनेछ ।

## CROATIA मा रोजगारको अवसर
कम्पनी : AB SUPPORT D.O.O
शहर : CROATIA

पूर्व स्वीकृत मितिः २०७९/०२/१२ | चलानी नं.: ६०१७९८६१ | LT. No.: 263716 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Auto Mechanic | 25 | 0 | सम्बन्धित काममा दक्ष | 600 | ७६,१५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Butcher | 1 | 0 | | 500 | ६३,४६० | | | | | | | |
| 3. | Carpenter Gypsum | 1 | 0 | | 550 | ६९,८०६ | | | | | | | |
| 4. | Cook & Chef | 0 | 50 | | 600 | ७६,१५२ | | | | | | | |
| 5. | Mason | 1 | 0 | | 500 | ६३,४६० | | | | | | | |
| 6. | Tailor | 0 | 71 | | 500 | ६३,४६० | | | | | | | |
| 7. | Truck Driver | 35 | 0 | | 700 | ८८,८४४ | | | | | | | |
| 8. | Waitress | 0 | 30 | | 500 | ६३,४६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज ६ देखि २४ गते सम्म (22 Sept. to 10 Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रोमानियाको रु.४०,०००।- क्रोसियाको रु.२५,०००।- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Himalayan Valley Nepal Pvt. Ltd.**
Govt. Lic. No. 1526/074/075
Gaushala 09, Bijay Chowk, Kathmandu | Tel.: 014110453 , 014110403
Email: hvnepal2019@gmail.com/ hvnepal75@gmail.com, URL: www.hvnepal.com
Mobile: 9801035459, 9810526239, 9860306492, 9805330901, 9813135331, 9818132648, 9843937417

यसै कम्पनिमा निम्न पदमा Office Secretary Female-1, Reception-Female-2, Accountant Female -1, Public Realation Officer-2 दक्ष कर्मचारी आवश्यकता भएकोले इच्छुक महानुभावहरुले निवेदन गर्न सक्नु हुनेछ ।





## सूचना

राष्ट्रिय शिखर कृषि अवार्ड २०७९ यहि असोज ४ गते सम्पन्न हुने भनिएको कार्यक्रम प्राविधिक कारणले स्थगित भई उक्त कार्यक्रम आउदो कार्तिक २२ गते हुने कुरा सवैमा जानकारी गराउदछौ । यसबाट हुन गएको असुविधा प्रति क्षमा प्रार्थी छौ ।

आयोजक
**शिखर नेपाल**
९८५११०६३६५

मध्यान्ह
www.madhyanhadaily.com
३ असोज २०७९, सोमबार
19 September 2022, Monday

# मधेश प्रदेशमा जुट्न सकेन गठबन्धमा सहमति



आगामी मंसिरमा हुने प्रदेश सभा तथा प्रतिनिधि सभाको निर्वाचनका लागि मधेश प्रदेशका ८ जिल्लामा गठबन्धमा सहमति जुट्न सकेको छैन ।

मधेश प्रदेशका जिल्लाका कतिपय निर्वाचन क्षेत्रहरुमा तीन दलकै दाबी कायम रहेका कारण दलहरुबीच सहमति जुट्न नसकेको नेताहरुले बताएका छन् ।

मधेश प्रदेशका ८ जिल्लामा ३२ वटा प्रतिनिधि सभा निर्वाचन क्षेत्र रहेका छन् भने ६४ वटा प्रदेश सभा निर्वाचन क्षेत्र रहेका छन् ।

मधेश प्रदेशको सप्तरी, सिरहा, धनुषा, महोतरी, सर्लाही, रौतहट, बारा र पर्सामा चार/चार प्रतिनिधि सभा निर्वाचन क्षेत्र र आठ/आठ प्रदेश सभा निर्वाचन क्षेत्र रहेका छन् ।

सप्तरीको प्रतिनिधि सभा निर्वाचन क्षेत्र १ मा नेपाली कांग्रेस र जनता समाजवादी पार्टी(जसपा)को दाबी छ भने प्रतिनिधि सभा निर्वाचन क्षेत्र २ र प्रतिनिधि सभा निर्वाचन क्षेत्र ३ जनता समाजवादी पार्टी(जसपा)तथा प्रतिनिधि सभा निर्वाचन क्षेत्र ४ नेपाली कांग्रेसले लिने सहमति भएको छ । सिरहाको प्रतिनिधि सभा निर्वाचन क्षेत्र १ मा नेपाली कांग्रेस र प्रतिनिधि सभा निर्वाचन क्षेत्र ४ मा जनता समाजवादी पार्टी(जसपा)लाई दिन दलहरु सहमत छन् ।

प्रतिनिधि सभा निर्वाचन क्षेत्र २ मा नेपाली कांग्रेस, जनता समाजवादी पार्टी(जसपा) र नेकपा(एकीकृत समाजवादी) तथा प्रतिनिधि सभा निर्वाचन क्षेत्र ३ मा नेपाली कांग्रेस, नेकपा(माओवादी केन्द्र) र जनता समाजवादी पार्टी(जसपा)को दाबी रहेको छ ।

**सर्लाही डायरी**
**एस.पी.गौरब/मध्यान्ह**

धनुषाको प्रतिनिधि सभा निर्वाचन क्षेत्र १ मा नेकपा(माओवादी केन्द्र) र जनता समाजावादी पार्टी(जसपा), प्रतिनिधि सभा निर्वाचन क्षेत्र २ र प्रतिनिधि सभा निर्वाचन क्षेत्र ३ मा नेपाली कांग्रेस र जनता समाजवादी पार्टी(जसपा) दुबैको दाबी छ भने प्रतिनिधि सभा निर्वाचन क्षेत्र ४ मा नेपाली कांग्रेसलाई छाड्न दलहरु सहमत भएका छन् ।

त्यसैगरी महोत्तरीको प्रतिनिधि सभा निर्वाचन क्षेत्र १ मा नेकपा(माओवादी केन्द्र), प्रतिनिधि सभा निर्वाचन क्षेत्र २ मा नेपाली कांग्रेस, प्रतिनिधि सभा निर्वाचन क्षेत्र ३ मा जनता समाजवादी पार्टी(जसपा)को भागमा पर्ने पक्का जस्तै भएको छ । प्रतिनिधि सभा निर्वाचन क्षेत्र ४ मा पनि जनता समाजवादी पार्टी(जसपा), नेपाली कांग्रेस र नेकपा(माओवादी केन्द्र)को दाबी कायमै छ ।

सर्लाहीको प्रतिनिधि सभा निर्वाचन क्षेत्र १ मा जनता समाजवादी पार्टी(जसपा)र नेपाली कांग्रेस, प्रतिनिधि सभा निर्वाचन क्षेत्र २ मा नेपाली कांग्रेस, नेकपा(माओवादी केन्द्र) र जनता समाजवादी पार्टी(जसपा)को दाबी छ भने प्रतिनिधि सभा निर्वाचन क्षेत्र ३ मा नेकपा(माओवादी केन्द्र) र नेपाली कांग्रेसको दावी छ । त्यसैगरी प्रतिनिधि सभा निर्वाचन क्षेत्र ४ मा नेपाली कांग्रेसले पाउने सम्भावना छ ।

रौतहटको प्रतिनिधि सभा निर्वाचन क्षेत्र १ मा नेकपा(एकीकृत समाजवादी)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपाललाई छाड्न सबै दल सहमत छन् भने प्रतिनिधि सभा निर्वाचन क्षेत्र ४ मा नेपाली कांग्रेसको मात्र दाबी छ । बाँकी प्रतिनिधि सभा निर्वाचन क्षेत्र २ र प्रतिनिधि सभा निर्वाचन क्षेत्र ३ मा तीन-तीन दलको दाबी छ ।

प्रतिनिधि सभा निर्वाचन क्षेत्र २ मा नेपाली कांग्रेस, नेकपा(माओवादी केन्द्र) र जनता समाजवादी(जसपा)को दाबी छ भने प्रतिनिधि सभा निर्वाचन क्षेत्र ३ मा नेपाली कांग्रेस, नेकपा(एकीकृत समाजवादी) र नेकपा(माओवादी केन्द्र)को दाबी रहेको नेताहरुले बताएका छन् ।

बारा प्रतिनिधि सभा निर्वाचन क्षेत्र १ मा नेपाली कांग्रेस, प्रतिनिधि सभा निर्वाचन क्षेत्र २ मा जनता समाजवादी पार्टी(जसपा)ले लिने सहमति भएको छ । प्रतिनिधि सभा निर्वाचन क्षेत्र ३ मा नेपाली कांग्रेस र जनता समाजवादी पार्टी(जसपा)तथा प्रतिनिधि सभा निर्वाचन क्षेत्र ४ मा नेकपा(माओवादी केन्द्र)सँगै नेकपा(एकीकृत समाजवादी) र जनता समाजवादी पार्टी(जसपा)को पनि दाबी छ ।

पर्सामा नेपाली कांग्रेसले प्रतिनिधि सभा निर्वाचन क्षेत्र १, प्रतिनिधि सभा निर्वाचन क्षेत्र २ र प्रतिनिधि सभा निर्वाचन क्षेत्र ४ मा दाबी गरेको छ भने जनता समाजवादी पार्टी(जसपा)ले ४ वटै प्रतिनिधि सभा निर्वाचन क्षेत्रमा दाबी गरेको छ । नेकपा(माओवादी केन्द्र)र नेकपा(एकीकृत समाजवादी)का नेताहरुले भने प्रतिनिधि सभा निर्वाचन क्षेत्रमा एक-एक सिट आफ्नो दलले पाउनुपर्ने मत राखेका छन् ।

आगामी मंसिरमा हुने प्रदेश तथा प्रतिनिधि सभा निर्वाचनका लागि दलहरुले गठबन्धबाट प्रतिस्पर्धा गर्ने तयारी गरेका भएपनि उम्मेदवारहरुको सिफारिसको काम सक्नु पर्ने समयावधी सकिनै लाग्दा पनि दलहरुले उम्मेदवारहरुको नाम सिफारिस गर्न सहमति जुटाउन सकेका छैनन् ।

# बागमतीको चुरेभेगस्थित हिरिरे डाँडामा विद्युत् पुग्यो

सर्लाहीको बागमती नगरपालिका १ हिरिरे डाँडामा बिजुली वत्ति पुगेपछि स्थानीय खुशी भएका छन् । बागमती नगरपालिकाको सबैभन्दा विकट क्षेत्र मानिने हिरिरे डाँडामा चाडपर्वको मुखैमा पहिलो पटक बिजुली बत्ती पुगेपछि स्थानीय खुशी बनेका हुन् ।

बागमती नगरपाकिला १ को कच्ची गोरेटो बाटो भई पैदल हिँडेर जानुपर्ने चुरेभेगस्थित हिरिरे डाँडामा बिजुलीबाट ६० भन्दा बढी घरधुरी लाभान्वित भएका वडा नम्बर १ का अध्यक्ष गम्भिरसिंह पाखिनले जानकारी दिए ।

यअसघि बिजुली नपुग्दा स्थानीय टुकी बत्ती र सोलारको भरमा रात कटाउने गरेका थिए । 'बिजुली नहुँदा अधिकांश स्थानीय टुकी बत्ती बालेर रात काट्न बाध्य थिए, आर्थिक अवस्था सबल भएका केहीले मात्रै सोलार बत्ती बाल्ने गर्थे,अहिले बिजुली पुग्यो,स्थानिय खुशी छन्' वडाध्यक्ष पाखिनले भने ।



बागमती नगरपालिका १ चुरेभेगस्थित हिरिरे डाँडा सिन्धुलीको हरिहरपुरगढी गाउँपालिकाको ठूलो कौवासँगै सीमा जोडिएको बस्ती हो । गाउँमा बिजुली नहुँदा स्थानीय मोवाइल चार्ज गर्नदेखि विद्युतबाट हुने अन्य काम गर्न लामो समय लगाएर चुरेडाँडा तलको बस्तीमा झर्न बाध्य थिए ।

एक वर्षको प्रयासपछि हिरिरे डाँडामा बिजुली पुऱ्याइएको नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र लालबन्दीका प्रमुख संजिव कुमार साहले बताए । उनका अनुसार २५ केभीको ट्रान्सफर्मर लगेर जोडेपछि शुक्रबारबाट बागमती नगरपालिका १ चुरेभेगस्थित हिरिरे डाँडामा बत्ती बल्न थालेको छ । एक वर्षको अथक प्रयासपछि बागमती नगरपालिका १ चुरेभेगस्थित हिरिरे डाँडामा बत्ती पुगेको र केहीले मिटर समेत जडान गरी सकेका र केहीले मिटरको फारम भरेका विद्युत प्राधिकरण वितरण केन्द्र लालबन्दीले जनाएको छ ।

बागमती नगरपालिकाकी उपप्रमुख लिलाकुमारी मोक्तान, वडाध्यक्ष पाखिन, वितरण केन्द्र लालबन्दीका प्रमुख साह लगायतले बागमती नगरपालिका १ चुरेभेगस्थित हिरिरे डाँडामा ट्रान्सफर्मर जडान गरी विद्युत उद्घाटन गरेका हुन् । उद्घाटन कार्यक्रममा पुगेका जनप्रतिनिधिहरुका साथै विद्युत् प्राधिकरण वितरण केन्द्रका प्रमुख लगायत कर्माचारीहरुलाई स्थानीयले अविर र खादा लगाएर स्वागत गरेका थिए ।

यससँगै विद्युत प्राधिकरण वितरण केन्द्र लालबन्दीले हेर्ने ६ वटा स्थानीय निकायका ६० वटै वडामा पूर्ण विद्युतीकरण भएको वितरण केन्द्र प्रमुख साहले बताए । उनले केही वडाहरुमा विद्युतीकरणको काम बाँकी थियो अहिले पूरा भयो । अब विद्युत प्राधिकरण वितरण केन्द्र लालबन्दीले हेर्ने ६ वटै स्थानीय निकायका ६० वटै वडामा पूर्ण विद्युतीकरण भएको छ ।

# गौरव स्मृति तथा वि योर फाउण्डेशनद्धारा सम्मान

**पवन जायसवाल/मध्यान्ह**
नेपालगन्ज, २ असोज



बाँकेको गौरव स्मृति तथा वि योर फाउण्डेशनले सम्मान तथा आजीवन सदस्यहरुलाई सदस्यता प्रमाण-पत्र वितरण गरेका छ ।

विगत २ वर्षदेखि निरन्तर रूपमा सामाजिक कार्यमा सक्रिय भई आम जनमानसबीच आफ्नो पहिचान स्थापित गर्न सफल गौरव स्मृति एण्ड वि योर फाउण्डेशनले आजीवन सदस्यहरूलाई सदस्यता प्रमाण पत्र वितरण गरेको हो ।

गौरव स्मृति फाउण्डेशनले शुक्रबार एक कार्यक्रमको आयोजना गरी करीब ४५ जना सदस्यहरूलाई आजीवन सदस्यता प्रमाण-पत्र प्रदान गर्नुका साथै स्थापनाकालदेखि संस्थाद्वारा गरिएका विभिन्न कार्यहरुमा सहभागी भई कार्यक्रमहरुलाई सफल तुल्याई यस स्थानमा पुऱ्याउन उल्लेखनीय योगदान सहयोगी भूमिका निर्वाह गरेकालाई संस्थाका कार्यवहाक अध्यक्ष मधु शाहले अबीर लगाएर तथा प्रमुख अतिथि समाजसेवी माधवराम वर्माले सम्मान-पत्र प्रदान गर्दै सम्मान गरेका थिए ।

यसरी सम्मानित हुनेहरूमा वरिष्ठ पत्रकार नरेन्द्र थापा, मधुखबर डटकमका सम्पादक मधु पौडेल, सत्यम खबर डटकमका सञ्चालक चन्द्रेश्वरराज त्रिपाठी, रेडियो कृष्णसार एफ.एम.का पवन जायसवाल, वरिष्ठ पत्रकार नरेन्द्र थापा, सञ्जु सिंह र प्रेक्षा केसी लगायतलाई सम्मान गरिएको थियो ।

यस्तै, औषधि व्यवसायी संघका वरिष्ठ उपाध्यक्ष सुदीप खडका, अमित कौशल, अजय कोरी, हेमराज वर्मा, पूनम कोरी, मधु पौडेल, साहू समाज समितिका अध्यक्ष, हंशराम साहू, राम लोचन शाह, कान्ति शर्मा, अजय गुप्ता, मधु शाह, समाजसेवी माधवराम वर्मा, साहू समाज युवा समितिका अध्यक्ष राम किसुन साहू, प्रदीप शाह, बिजय कोरी, बिनोद कुमार साहू, तोजेन्द्र बिक, रबीन्द्र बहादुर मल्ल, सावित्री सिंह, महेन्द्र पुस्तकालय नेपालगन्जका कार्य समिति सदस्य सुनील भण्डारी, शिवम् शाह, सुखराम चिडिमार, लगायत ४५ जनालाई गौरव स्मृति तथा वि योर फाउण्डेशन संस्थाको आजीवन सदस्यता प्रमाण-पत्र वितरण कार्यक्रमका प्रमुख अतिथि समाजसेवी माधवराम बर्मा, बिशिष्टि अतिथि हंशराम साहू र संस्थापक प्रदीप शाह, लगायतले वितरण गरेका थिए ।

गौरव स्मृति एण्ड वि योर फाउण्डेशनका अध्यक्ष मधु शाहको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन तोजेन्द्र वि.कले गरेका थिए । संस्थाका संरक्षापक प्रदीप शाहले विगतदेखि सक्रिय भई यस संस्थाले भए गरेका कार्यको बारेमा जानकारी गराउँदै स्वागत मन्तब्य समेत व्यक्त गरेका थिए । सो कार्यक्रममा प्रमुख अतिथि समाजसेवी माधवराम वर्माले संस्थालाई हर समय सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दै मन्तव्य गरेका थिए । व्यवसायी संघका वरिष्ठ उपाध्यक्ष सुदीप भट्टराई, मधुखबर डटकमका सम्पादक मधु पौडेल, रामलोलचन शाह लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा साहू समाज बाँकेका सचिब बाबुराम साहू, रामनाथ साहू, पूरन चौधरी, औषधि व्यवसायी संघका वरिष्ठ उपाध्यक्ष सुदिप खड्का, सन्तोष शाह, रबिन्द्र बहादुर मल्ल र कान्ति शर्मा लगायत ५० भन्दा बढीको सहभागिता रहेको थियो । यस अघि संस्थाले भदौ ३० गते मानव आश्रममा रहेका वृद्धवृद्धाहरुलाई भोजन गराएको थियो ।

# बलरा नाकाबाट छिऱ्यो ४९ हजार किलो अवैध चिनी

**सर्लाही/मस-** सर्लाहीको बलरा नाकाबाट ठूलो मात्रा तस्करी हुने गरेको पाइएको छ । छिमेकी देश भारतसँग खुला सिमाना रहेको साथै सीमा सुरक्षामा खटिने केही सुरक्षाकर्मीहरुको मिलेमतोमा जिल्लाका सीमा नाकाहरुबाट ठूलो मात्रामा तस्करी हुने गरेको पाइएको हो । सर्लाहीको हरिवन नगरपालिका १० स्थित नयाँ रोडबाट प्रहरीले ठूलो मात्रामा भन्सार छलीको चिनीसहित २ वटा ट्रक नियन्त्रणमा लिएको थियो । सो ट्रकमा आएको चिनीको अनुसन्धान गर्ने क्रममा बलरा नाकाबाट केही सुरक्षाकर्मीहरुको मिलेमतोमा ठूलो मात्रामा तस्करी हुने गरेको पाइएको हो ।

सो नाकामा शसस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट (बिओपी) मधुवनी र सीमा प्रहरी चौकी बलरा रहेको भएपनि केही सुरक्षाकर्मीहरुकै विशेष सहयोगमा भारतबाट २ वटा ट्रकमा ९ सय ८० बोरा चिनी भन्सार छलेर नेपाल भित्रिएको छ ।

ईलाका प्रहरी कार्यालय हरिवनको टोलीले शंका लागि चेकजाँच गर्ने क्रममा प्रदेश २-०३-००१ ख ६५८५ नम्बरको ट्रकमा ५० किलो दरका ५ सय बोरा चिनी र ना. ७ ख. ६१४५ नम्बरको ट्रकमा ४ स ८० बोरा गरी कुल ४९ हजार किलो भन्सार छलीको चिनी बरामद गरेको थियो । बरामद भएको चिनी प्रिया ट्रेड जनरल अर्डर सप्लार्यस मलंगवाको १९४ र १९५ नम्बरको अनलाइन बिलमा सोना मन्सुली चामल उल्लेख गरिएको पाइएको थियो । चामलको बिल काटेर अवैध तरिकाबाट नेपाल भित्रिएको चिनी ओसार्ने दुई वटै ट्रक बरहथवाका एक व्यापारीको रहेको र १ ट्रक चिनी बरहथवाकै ट्रक साहुको र अर्को १ ट्रक चिनी हरिवनका एक व्यापारीको रहेको पाइएको छ ।

**सुरक्षाकर्मीहरु के भन्छन् ?**

सीमा प्रहरी चौकी बलराका प्रहरी प्रमुख वरिष्ठ सई मोहनमणी कटुवालले चिनी कहाँबाट छिरेको आफूहरुलाई थाहा नभएको मध्यान्हलाई बताए । तर सीमा प्रहरी चौकी बलरा नेपाल भारत वारपार गर्ने बाटैमा छ । उनको यो अभिव्यक्तिले पनि प्रहरीको मिलेमतो रहेको अनुमान गर्न सकिन्छ । शसस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट (बिओपी) छतौनाका शसस्त्र प्रहरी प्रमुख शसस्त्र प्रहरी निरीक्षक मोहनकृष्ण सापकोटा घर बिदामा गएका कारण उनीसँग कुरा हुन सकेन । तथापी पनि व्यापारीहरुले सिधै भारतबाट नभई नेपालमै स्टक गरेको सामान ओसार पसार गरेको भन्ने सुनिएको शसस्त्र प्रहरी स्रोतले जनाएको छ ।

**सरोकारवाला निकायको भनाइ के छ ?**

त्यस्तै शसस्त्र प्रहरी बल नेपाल नम्बर १० हे.क्वा गण सर्लाहीका शसस्त्र प्रहरी नायव उपरिक्षक बलराम प्रसाईंले बलरा नाका नलेखिदिन भन्दै सञ्चारकर्मीहरुलाई फोन गरेका छन् । उनले आफूले चिनेको भाई बलरामा रहेकाले बलरा नाका नलेखि बेवारिसे अवस्थामा लेखिदिन भनेका हुन् ।

साथै जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक विजय यादवले २ वटा ट्रक र ४९ हजार केजी अवैध चिनी भित्रिएको विषयमा कुनै पनि सुरक्षाकर्मीको सहयोग नरहेको मध्यान्हलाई बताए । तर बलरा नाकादेखि करिब ४० किलोमिटर पर रहेको पुर्वपश्चीम लोकमार्गसम्म आउँदा बाटामा रहेका नेपाल प्रहरी र शसस्त्र प्रहरीका युनिटहरुलाई थाहै थिएन कि थाहा पाएर पनि मिलेमतोमा छोडियो । यो अनुसन्धानको विषय हो । प्रहरी नायव उपरीक्षक यादवले आफ्नो प्रहरी पानीमाथि ओभानो रहेको बताएपनि उनलाई पनि कमिसन आउने गरेको स्रोतको दाबी छ ।

**चिनीको विषयमा भन्सारमा के हुादैछ ?**

जिल्ला भन्सार कार्यालय सर्लाहीका कार्यालय प्रमुख मुरारीप्रसाद काफ्लेले चिनीको मूल्यांकन भइसकेको र चाँडै लिलामी निकाल्ने बताए । उनले २ वटै ट्रक र ९ सय ८० बोरा चिनी अर्थात ४९ हजार किलो चिनीको अनुमानीत लागत समेत निकालिएको र अब चाँडै लिलामी प्रक्रियामा लैजाने मध्यान्हलाई बताए ।

२ वटा ट्रकमा गरी कुल ४९ हजार किलो चिनीको अन्दाजी रु.१६ लाख ८० हजार र प्रदेश २-०३-००१ ख ६५८५ नम्बरको ट्रक अन्दाजी मुल्य रु.८० लाख र ना. ७ ख. ६१४५ नम्बरको ट्रकको प्रति ट्रक अन्दाजी मुल्य रु.८० लाख गरी कुल रु १ करोड ९४ लाख ३० हजार बराबरको रहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका सूचना अधिकृत एवं प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक यादवले बताए ।

यता त्यो २ वटै ट्रक र अवैधरुपमा नेपाल भित्रिएको चिनी हरिवनका व्यापारीको हो भनी ट्रकका चालकले भनेको भए प्रहरीले नियन्त्रणमा नलिने बुझिन्छ । किनकी हरिवनका व्यापारीले शसस्त्र प्रहरी बल छिन्नमस्ता बाहिनी मधेश प्रदेशका शसस्त्र प्रहरी डिआईजी गणेश बहादुर ठाडा मगरलाई मासिक रु १ लाख, सशस्त्र प्रहरी बल नेपाल नम्बर १० हे.क्वा गण सर्लाहीका गणपति शसस्त्र प्रहरी उपरिक्षक भरत खनिँयालाई मासिक रु १ लाख २० हजार, वेशपतिहरु र बिओपी पतिहरुलाई मासिक रु १५ हजार देखि २५ हजार सम्म र जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रमुखको नाममा पनि मासिक रु ५० हजार र ईलाका प्रहरी कार्यालय र प्रहरी चौकीहरुलाई मासिक रु ५ हजारदेखि १५ हजारसम्म अवैध काम गर्न सहजता प्रदान गरिदिए वापत कमिसन दिने गरेको ती व्यापारी आफैंले बताएका छन् ।

सो ट्रकका चालकले हरिवनका ती व्यापारीको नाम नभनी बरहथवाका व्यापारीको सामान हो भनेपछि ईलाका प्रहरी कार्यालय हरिवनको गस्ती टोलीले बिहीबार राति करिब ११ बजे २ वटै ट्रक र चिनी नियन्त्रणमा लिएको थियो । बिहीबार राति नियन्त्रणमा लिएको ट्रक र चिनी शुक्रबार दिउँसोसम्म डिल नमिलेपछि भन्सार बुझाउन लगिएको प्रहरी स्रोतले जनाएको छ । यति ठुलो मात्रामा चिनी कहाँ लैजान भन्सार छलेर भित्र्याएको हो भन्ने विषयमा आवश्यक अनुसन्धान भइरहेको सर्लाही प्रहरीले जनाएको छ ।

## चोलेन्द्रको ....

फर्किन सक्दैनन् । महाअभियोग टुंगो लागे वा नलागे मात्रै निलम्बन फुकुवाको प्रश्न आउने संघीय संसद सचिवालयको पनि जवाफ छ । संसद सचिवालयका प्रवक्ता रोजनाथ पाण्डे संविधानको धारा १०१ को उपधारा ६ मा भएको व्यवस्था अनुसार जबराले निलम्बन फुकुवाको पत्र नपाउने बताउँछ । 'हामीले संविधानको पाना पल्टाएर हेर्दा एस र नो नहुँदासम्म दिन नमिल्ने (निलम्बन फुकुवाको पत्र) भन्ने छ। त्यसकारण त्यो हुने स्थिति बन्दैन' प्रवक्ता पाण्डेले भने ।

त्यसो भएमा जबराले कार्यकाल २६ मंसिर २०७९ मा निलम्बनमै रहेर अवकाश पाउने छन् । प्रधानन्यायाधीश जबराविरुद्ध १ फागुन २०७८ मा सत्तारुढ ९८ सांसदले महाअभियोग दर्ता गरेका थिए भने १८ फागुनमा सिफारिस समिति पनि बनेको थियो ।

समितिले जबरासँग बयान लिनुका साथै उनले आरोपित गरेका कानुन व्यवसायीहरुसँग समेत छलफल गरेको थियो । तर, थप छानबिन नसक्दै प्रतिनिधिसभा कार्यकाल सकिएको भनी चोलेन्द्रले आफु विरुद्धको अभियोग पनि सकिएको दाबी गरेका हुन् ।

## न्यायालयमा...

पैसामा हुने कामका लागि ७ करोड ३२ लाख ९ हजार ११४ रुपैयाँ ६० पैसाको लागत अनुमान हुन पुग्यो । जसले गर्दा सर्वोच्चको भवन निर्माणका लागि जग खन्ने कामकै लागि मात्रै ७ करोड ५८ लाख ५१ हजार ६४७ रुपैयाँ ३९ पैसा बढी लागत हुन आयो । अनि, तत्कालीन समयमा अनुमान समितिमा रहेका सदस्यहरूले मिलेमतो गरी अनियमितताको रकम बाँडफाँड गरिएको पाईएको हो । एकातिर न्यायालयमा पारदर्शिताको कुरा गर्ने अनि अर्कातिर न्यायालय नै भ्रष्टाचारको चंगुलमा फस्दा देशको आर्थिक अवस्था झनै दयनीय हुने प्रष्ट देखिन्छ ।

## छानबिनमा...

जबराको सम्पत्तिको विषयमा अनुसन्धान गर्न सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र अख्तियार दुरुपयोग अनुसन्धान आयोगसमक्ष सिफारिस गरेको छ । तर, समितिबाट सिफारिसको पत्र भने प्राप्त भइनसकेको अख्तियार दुरुपयोग अनुसन्धान अयोगले जनाएको छ ।

'महाअभियोग सिफारिस समितिबाट पत्र आएको छैन । पत्र आएपछि आफ्नो प्रक्रिया अनुसार अगाडि बढ्ने हो' अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता श्यामप्रसाद भण्डारी भन्छन्, पत्र कस्तो आउँछ त्यस अनुसार हुन्छ ।'

## शाखा...

त्यसको पूरा विवरण, कम्पनी दर्ता, शेयर लगत, कम्पनी अध्यावधिक, आयकर दर्ता, प्रमाणपत्र प्रतिलिपि, गत आर्थिक वर्षको करचुक्ता, कम्पनीको धरौटी तथा बैंक ग्यारेन्टी प्रतिलिपि पेश गर्नुपर्ने विभागले जनाएको छ ।

त्यसैगरी विभागले शाखा प्रमुखको नागरिकता, शैक्षिक योग्यताको प्रमाणपत्र प्रतिलिपि, शाखा प्रमुखको चालचलन सम्बन्धी प्रहरी प्रतिवेदन, शाखामा काम गर्ने कर्मचारीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ,सम्बन्धित श्रम कार्यालयको शाखा कार्यालय निरीक्षण प्रतिवेदन, शाखा कार्यालय रहेको घरको घरधनीसँगको बहाल सम्झौताको प्रतिलिपि, शाखा कार्यालयको कार्ययोजना, भौतिक पूर्वाधार, जनशक्तिको विवरण र ५ लाख धरौटी राखेको भौचर पेश गर्न भनेको छ ।

यसका अतिरिक्त शाखा कार्यालय खोल्न लाइसेन्स लिएको एक वर्ष पुगेको हनुपर्ने छ । विभागले वार्षिक ३ हजार कामदार पठाउने लक्ष्य राखेको म्यानपावर कम्पनीलाई ३ वटा, ५ हजार पठाउने लक्ष्य राखेकोलाई ५ वटा र ५ हजार बढी पठाउने लक्ष्य राखेको म्यानपावर कम्पनीलाई ६ वटा शाखा खोल्न अनुमति दिने बताएको छ । तर शाखा कार्यालय एक प्रदेशमा एक वटा मात्र दिने विभागले सूचनामा उल्लेख गरेको छ । यसका अतिरिक्त विभागले भौतिक पूर्वाधारको निरीक्षण तथा प्रतिवेदन विभागको संस्था शाखाबाट तोकिएपछि गर्नुपर्ने बताएको छ ।

यसअघि विभागले म्यानपावर कम्पनीलाई शाखा सञ्चालनको नयाँ अनुमति नदिएको भन्दै यस अगाडि शाखा सञ्चालनको अनुमति पाएका म्यानपावर कम्पनीलाई विवरण बुझाउन भनेको थियो । विभागले हालसम्म २७ वटा म्यानपावर कम्पनीका मात्रै आधिकारिक शाखा सञ्चालन अनुमति दिएको छ ।

विभागबाट शाखा सञ्चालन अनुमति पाएका म्यानपावर कम्पनीले शाखा कार्यालय सञ्चालन गरेका भएपनि संस्थागतरुपमा इजाजतपत्र नलिएकाहरूले पनि सानो कोठामा म्यानपावर कम्पनीको शाखा हो भन्दै पासपोर्ट र रकम संकलन गरेको पाइएपछि विवरण माग गरिएको विभाग स्रोतले बतायो ।

वैदेशिक रोजगार ऐनले एजेन्ट व्यवस्था खारेज गरिसकेको भएपनि शाखा अनुमति नहुँदा कतिपय व्यक्तिले आफुलाई काठमाडौंमा रहेको म्यानपावर कम्पनीको आधिकारिक ऐजेन्ट भन्दै पासपोर्ट र रकम संकलनको धन्धा चलाइरहेको विभागको बुझाई छ ।

## श्रममन्त्री...

राहत वितरण गरेर राजधानी फर्केका हुन् । शुक्रबार राति अविरल वर्षापछि गएको पहिरोमा परी २२ र खोलाले बगाएर मृत्यु भएका १ जनासहित २३ जना मृतकका परिवारलाई भेटेर मन्त्री कुँवरले सरकारबाट दिइएको जनही १ लाख रुपैयाँ र आफ्नो व्यक्तिगत तर्फबाट जनही १० हजार रुपैयाँका दरले नगद राहत वितरण गरेको उनको सचिवालयले जनाएको छ ।

अछामका प्रमुख जिल्ला अधिकारी विश्वराज मरासिनीले दिएको जानकारी अनुसार बाढी र पहिरोमा परी मृत्यु भएका परिवारलाई सरकारका तर्फबाट तत्काल किरिया खर्चबापत जनही १ लाख रुपैयाँ रकम वितरण गरिएको हो ।

मन्त्री कुँवरले पहिरो प्रभावित अछामको कमल बजारको हात्तिबाँझ, कमल बजार एयरपोर्ट, ढकारी र तुर्माखाँदका पीडितलाई भेटेर त्रिपाल, बल्यांकेट, खाद्यान्नलगायतका राहत सामग्री पनि वितरण गरेको उनका प्रेस सल्लाहकार रमा खड्काले जानकारी दिइन् ।

मन्त्री कुँवरले पहिरोमा परी घाइते भएकाहरुको सम्पूर्ण उपचार सरकारले व्यहोर्ने समेत बताएका छन् । पीडितहरुलाई आगामी दिनमा पनि थप सहयोग हुने मन्त्री कुँवरले आश्वासन दिएका छन् ।

# गुणस्तरीय सडकहरु धमाधम बन्ने क्रममा छन् : महानिर्देशक थापा




**काठमाडौं/मस–** सडक विभागका महानिर्देशक अर्जुनजंग थापाले सडक पूर्वाधारमा खर्च हुँदाखेरी राजमार्गहरु लगायत ठूला सडकहरुलाई प्राथमिकता दिनुको सट्टामा साना-साना सडकहरुमा समय खर्च भइरहेको बताएका छन्। तर पनि गुणस्तरीय सडकहरू धमाधम बन्दै गएको उनको भनाइ छ।

आइतबार तराई विकास तथा सञ्चार केन्द्र नेपालले तराई विकास तथा सञ्चार केन्द्र नेपालको हलमा आयोजना गरेको 'पूर्वाधार विकास सञ्चारकर्मीको भूमिका' अन्तरक्रिया कार्यक्रममा उनले यस्तो बताएका हुन्।

विभागले संघीय सडकहरु मात्रै हेर्नुपर्ने भएता पनि त्यस बाहेकका सडकहरु हेर्नुपर्ने बाध्यता भएको उनले जनाए । उनले भने, 'संविधानतः हामीले संघीय सडकहरु मात्रै हेर्ने हो । नेपाल सरकारले संघीय सडक भनेर ८० वटा राजमार्ग भनेर तोकिदिएको छ । त्यो ८० वटा राजमार्ग मात्रै सडकविभागअन्तर्गत भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमार्फत हेरिनुपर्ने हो । तर त्यो नभएर हामीले वडास्तरीय, गल्ली-गल्लीका सडकहरुमा पनि हामीले हेर्नु परिरहेको छ ।'

विभाग यस्ता सानातिना सडकरुमा केन्द्रिकृत हुन छोडेर ठूला सडकमा केन्द्रिकृत हुनुपर्ने महानिर्देशक थापाले औंल्याएका छन्। बजेटको बेलामा पनि त्यही किसिमको छलफल भएतापनि बजेट आउने बेलामा यस्तै सानासाना धेरै सडकहरु नै आउने गरेको उनको गुनासो थियो । उनका अनुसार विभागमा करिब २५-३० अर्बको साना सडक आउने गरेको छ। स्थानीय जनप्रतिनिधिहरुसमेत त्यही साना सडकहरुकै लागि डेलिकेसन राख्ने गरेको उनको भनाइ छ । 'सांसदज्यूहरु, प्रदेश सांसदज्यूहरु, यहाँसम्म कि गाउँपालिका र नगरपालिकाका प्रमुखहरु पनि त्यही साना-साना सडकहरुका लागि भनेर डेलिकेसन राख्नुहुन्छ,' उनले भने।

संविधानत महानिर्देशकलाई दिएको कार्यादेशअनुसार उनले १० प्रतिशत मात्रै हेर्न गरेको बताउँदै बाँकी ९० प्रतिशत समय कार्यादेशबाहिरका सडकहरु हेरेर बस्नुपर्ने अवस्था भएको उनले जानकारी दिए।

स्थानीय जनप्रतिनिधि, सांसदहरुको उद्देश्य पनि आफ्नो गाउँठाउँको विकास भएको चाहाने, बाटो गल्ली बनेको देख्न चाहाने भएकाले कार्याक्षेत्रभन्दा बाहिरको साना सडकमै अल्झिनुपर्ने अवस्था रहेको उनको धारणा थियो । उनले भने, 'केन्द्रिकृत मानिसहरु, सांसदहरु, नगरपालिका र गाउँपालिकाका मेयरहरुको उदेश्य आफ्नो सडक र आफ्नो गाउँको विकास होस्, बाटो बनोस्, गल्ली बनोस् भन्ने चाहाना हुँदोरहेछ, आफ्नो गाउँठाउँमा केही गरेर देखाउ भन्ने चाहाना हुन स्वभाविक हो । उहाँहरुलाई जनताले केही आशा गरेर चुनिएर पठाएका हुन्छन् ।' तर पनि जसले जुन जिम्वेवारी पाएको हुन्छ, त्यहीअनुसार काम गर्न पायो भने रिजल्ट दिन सकिने उनको राय छ।

आफूहरूले ९० प्रतिशत कार्यादेशमा नै नभएको काम गर्नु परेको भन्दै एलएमबिआइएसको कारणले पुँजिगत खर्चमा समस्या भएको उनको गुनासो थियो। थापाले देशको आधा जस्तो विकासको खर्च भौतिक पूर्वाधारमै भएको भन्दै महत्वपूर्ण र परिणाममुखी काममा लाग्नुपर्ने बताए।

कार्यक्रममा महानिर्देशक थापाले समयमा काम नसक्ने पप्पु लगायतका १९ वटा निर्माण कम्पनीलाई कालो सूचीमा राख्दै ठेक्का रद्ध गरिएको बताउँदै अब विभागले नरम होइन कठोरता देखाउनले बताए।

कार्यक्रममा अर्थसमितिका पूर्वसभापति कृष्णप्रसाद दाहालले पूर्वाधारको महत्वपूर्ण पाटो सडकको विकास दीर्घकालिन ढंगबाट गरिनुपर्ने बताए । उनले सबै पूर्वाधारहको मुख्य कुरा नै अन्तरमन्त्रालयहरुको समन्वयको अभाव भएको औंल्याए। पूर्वसभापति दाहालले एलएमबिआइएस डिजिटल प्रणालीको बारेमा बताउँदै अब विभाग पूर्ण रुपमा डिजिल प्रणालीमा जानुपर्ने सुझाव दिए । तत्काल फाइललाई पूर्ण रुपमा त्यागेर, माउसबाटै क्लिक गर्ने व्यवस्था गर्नुपर्नेमा उनको जोड थियो। पूर्वाधार लगायतका विकास निमार्णका कार्यमा पत्रकारले रचनात्मक भूमिका खेल्नुपर्ने प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले बताए। उनले अबको पत्रकारिता विद्यागत र विशिष्टिकृत हुनुपनेमा जोड दिए।

# चार वर्षको अवधिमा ३ सय १९ जनाले गरे आत्महत्या

**रामकरन हरिजन/मध्यान्ह**
पश्चिम नवलपरासी, २ असोज

जिल्लामा चार वर्षको अवधिमा ३ सय १९ जनाले आत्महत्या गरेका छन्।

आत्महत्या रोकथामका लागि प्रहरी र सरोकारवाला निकायबीच भएको कार्यक्रममा यस्तो तथ्य सार्वजनिक गरिएको हो।

नवलपरासी प्रहरीले आत्महत्या दरलाई न्यूनीकरण गर्नको लागि आम नागरिकलाई सुसुचित गराउने उद्देश्यले सरोकारवाला निकायहरुको सहभागितामा आइतबार नवलपरासीको रामग्राम नगरपालिका वडा नम्बर ३ स्थित उद्योग वाणिज्य संघको हलमा सचेतनामूलक कार्यक्रम गरेको हो।



कार्यक्रममा प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी श्रवण कुमार पोखरेल, विशिष्ट अथिति रामग्राम नगरपालिकाका नगर प्रमुख धनपत यादव लगायतका वक्ताहरुले कार्यक्रमको औचित्यका बारेमा पस्ट पारेका थिए।

कार्यक्रममा सुरक्षा निकायका प्रमुखहरु, जनप्रतिनिधिहरु, संचारकर्मी, स्थानीय बुद्धिजीवी, विभिन्न विद्यालयका विद्यार्थीहरु, सुरक्षाकर्मीलगायत करिब ४०० जनाको उपस्थिति रहेको थियो।

पश्चिम नवलपरासीमा आर्थिक कारोबार, प्रेम विवाह वा अन्तरजातीय विवाह, घरेलु हिंसा, असफलताका कारण आत्महत्या हुने गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नावय उपरीक्षक भोजराज पाण्डेयले जानकारी दिए।

उनका अनुसार आत्म हत्या न्यूनीकरण गर्ने प्रयासमा रहेको पहिलो जिल्लाको नवलपरासी रहेको छ। पश्चिम नवलपरासीको विभिन्न स्थानबाट चार वर्षको अवधिमा तीन सय १९ जनाले आत्महत्या गरेका छन्। जसमा दुई सय तीन जना पुरुष र एक सय स्रोह जना महिला रहेको जिल्ला प्रहरी कार्यालय नवलपरासीले जनाएको छ।

# पर्यटन मन्त्रालयका उपसचिव नेपालविरुद्ध मुद्दा दायर

**काठमाडौं/मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका उपसचिव प्रमोद नेपाल विरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ । आयोगले उपसचिव नेपाललाई केही दिन पहिले प्याराग्लाइडिङ सञ्चालनका लागि अनुमति दिने क्रममा बीबी एयरवेजका प्रमुख कार्यकारी अधिकृत हरिभक्त श्रेष्ठसँग रु छ लाख घुस लिँदै गरेको अवस्थामा पक्राउ गरेको थियो।

आयोगले आरोपी नेपालविरुद्ध रु छ लाख बिगो र सोहीअनुसार कैद सजायको माग गरेको छ। आयोगले सापटीवापत लिएको भनिएको रु १६ लाख ५० हजार जफत गर्न माग गरेको छ । आयोगले उपसचिव नेपालको सवारी साधनबाट उक्त रकम बरामद गरेको थियो। बीबी एयरवेजका प्रमुख कार्यकारी अधिकृत श्रेष्ठमाथि पनि घुस दिएर सरकारी कर्मचारी प्रभावित पार्न खोजेको आरोप लगाउँदै आयोगले भ्रष्टाचार निवारण ऐनबमोजिमको कारबाहीको माग गरेको छ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
**प्रकाशित मितिः २०७९/०६/०३**
यस कार्यालयमा मिति २०७४/०२/०३ मा दर्ता भएको दर्ता नं. १६८४३३ को **आर्य एण्ड आचार्य ट्रेडर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०५/३० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**
**प्रथम पटक प्रकाशित मितिः २०७९/०६/०३**
**जम्भला ईन्फ्राटेक प्रा.लि.**को मिति २०७९/०५/११ गतेमा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **अकला इन्फ्राटेक प्रा.लि. (प्रा. लि.नं.: २६६६३७)**कायम गर्ने गरी मिति २०७९/०६/०२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**साउदीमा रोजगार** | कम्पनी: STARS CARWASH
शहर : Saudi Arabia,JEDDAH
पुर्व स्वीकृत मितिः २०७९/०६/०१ चलानी नं.: ६०१८७९५३ L.T. No.: 272079

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | VEHICLE CLEANING LABOUR | 2 | 0 | स. काममा दक्ष | 1200 | ४०,६५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज १० गते (26 Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**अल-हरमैन एच.आर. प्रा. लि.**
पो.ब.नं. २१२५३, सिनामंगल-९, काठमाडौ, नेपाल, फोन: ०१-४४८४८१०
Email: alharmainhr18@gmail.com, info@alharmain.com.np, Web: www.alharmain.com.np
श्रम इजाजत पत्र नं.: ११६०/०७३/०७४

**FREE VISA! FREE TICKET ! FREE RECRUITMENT !**
**"ZERO COST"**
**SHORT TERM (2 MONTHS EXTENDABLE) EMPLOYMENT OPPORTUNITY IN QATAR !**
**(शून्य लागत अन्तर्गत कतारमा छोटो अवधि (२ महिना थप्न सकिने)का लागि रोजगारीको अवसर)**
Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रकिया, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित !
रोजगारदाता कम्पनी: अल श्रेया सेक्युरीटि सर्भिसेज (फिफा वर्ल्ड कप ओरकर्स)
Employer Company : AL SRAIYA SECURITY SERVICES (FIFA WORLD CUP WORKERS)

| | | |
|---|---|---|
| पूर्व स्वीकृत मितिः २०७९/०६/०२ | चलानी नं: ६०१८७९५१ | एल टि नं : २७१७८५ |
| Pre Approval Date: 2022/09/18 | Invoice No.: 60187951 | LT No.: 271785 |

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | माग संख्या Required No's महिला Female | निम्नतम योग्यता Minimun Qualification | मासिक तलब Monthly Salary कतार रियाल QAR | मासिक तलब Monthly Salary ने.रु. NPR | ओभरटाइम सुबिधा OT Facility | प्रतिदिन काम गर्नेघण्टा Working Hours Per Day | हप्तामा काम गर्नेदिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुबिधा Food Facility | बस्ने सुबिध Accomo-dation Facility | करार अबधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 98 | 0 | अंग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing and speaking English | 2000 | ६९,२४० | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | कम्पनीको नियम अनुसार As per the company rule | छ Yes | | तिन महिना 3 Months |

Age should be between 22 to 40 year old. (उमेरको हकमा २२ देखि ४० वर्ष हुनुपर्ने ।)

| स्वदेशमा बनाउने पासपोर्टको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने Who will bear the Passport Making Cost at Origin Country | स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले ब्यहोर्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी व्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने How much is the Service Fee and who will bear it |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer |

AL SRAIYA SECURITY SERVICES (FIFA WORLD CUP WORKERS) does not impose any Recruitment/Placement Fee For this Employment
(अल श्रेया सेक्युरीटि सर्भिसेज (फिफा वर्ल्ड कप ओरकर्स))ले रोजगारीको लागि कुनै पनि किसिमको भर्ती शुल्क लागु गर्ने छैन ।)

- Applicants are requested to submit their application directly without using any mediators. Applicant's (Family) members/Relatives/Friends) are not required to make any payments for this Employment.
(आवेदकलाई कुनै पनि मध्यस्ततताको प्रयोग विना सिधा आवेदन गर्न आमन्त्रित गर्दछौं । आवेदक (परिवारको सदस्य/आफन्त/साथीभाई) ले यस रोजगारको लागि कुनै पनि प्रकारको शुल्क तिर्नु पर्ने छैन ।)
- We will not discriminate Workers or potential workers in any way.
(हामी कुनै पनि हिसाबले कामदारहरु वा सम्भाव्य कामदारहरु सँग भेदभाब गर्ने छैनौं ।)
- No one is allowed to take or give away gifts or bribes from suppliers and customers.
(उपहार वा घुस आपुर्तिकर्ता र ग्राहकहरुबाट कोही कसैलाई पनि लिन वा दिन अनुमति छैन ।)
- We ensure that no worker is required to pay force deposit, bond, deductions from wages to cover recruitment fees.
(हामी सुनिश्चित गर्छौं कि भर्ना शुल्क उठाउनको लागि कुनै पनि निक्षेप, ऋणपत्र वा ज्याला कटौती गराउन बाध्य गराउने छैन ।)

Feel Free to Report against Fraud, illegal activities or Corruption in Our Hotling Number Directly. We Shall Maintain Your Confidentiality.
(धोखाधरी अबैद्य क्रियाकलाप वा भ्रष्टाचार विरुद्ध हाम्रो हटलाइनमा सिधा रिपोर्ट गर्न नहिचकिच्याउनु होस । हामी तपाईंको गोप्नीयता सुनिश्चित राख्ने छौं ।)

Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.
(अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ ।)

Final Interview is going to conduct on 26 Sept. 2022 in office premises.
(फाइनल अन्तर्वार्ता मिति २०७९ असोज १० गते यस कार्यालय परिसरमा हुनेछ ।)

We declear that "ROYAL OVERSEAS NEPAL PVT. LTD." don't have branch and agent.
(रोयल ओभरसिज नेपाल प्रा.लि.को कोही कतै पनि शाखा र एजेन्ट नभएको जानकारी गराउँदछौं।)

Candidates who are interested in this company can directly contact us for further counseling.
(यस कम्पनिमा जान चाहने कामदारहरुले थप परामर्शको लागि यस प्रा लि मा सिधा सम्पर्क गर्न सक्नुहुनेछ ।)

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना)मा उल्लेखभएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४.विदेशजानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५.विदेश जानु अघिआफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।
Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

**रोयल इन्टरनेशनल ओभरसिज प्रा. लि.**
सामाखुसी-२९, काठमाडौं, श्रम ईजाजत नं. : १०३४/०७२/०७३
(रोयल वर्कफोर्स रिक्रुटिङ्ग कम्पनी प्रा.लि.)
Tel: 4385294, 4385295, 9801255512 | Email: info.royal1034@Gmail.com

**साउदीमा रोजगारको अवसर** | कम्पनी : Abdullah Mohammad Al-Saqabi Sons Co.
शहर: Saudi Arabia,N/A
पुर्व स्वीकृत मितिः २०७९/०५/२८ चलानी नं.: ६०१८७९५२ L.T. No.: 271897

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HEAVY TRUCK DRIVER | 13 | 0 | स. काममा दक्ष | 1900 | ६४,३७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज १० गते (26 Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अल समिट म्यानपावर प्रा.लि.**
सामाखुसी, टाउनप्लानिङ, काठमाडौं, फोन नं.: ४३८२२२२, ४३८२४४४, ४३८६५४४, फ्याक्स: नं. ४३८१३६४
Website: www alsmmc com E mail: alsamitmanpower495@gmail com
श्रम ईजाजत पत्र नं. ४९५/०६१/०६२
ISO 9001 certified company

**कतारमा रोजगार** | कम्पनी: WOONGNAM ENGINEERING AND CONSTRUCTION CO. LTD.
शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७९/०६/०१ चलानी नं.: ६०१८७८४३ LT. No.: 272134

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 40 | 0 | स. काममा दक्ष | 1000 | ३४,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा कम्पनी प्रतिनिधिबाट मिति २०७९ असोज १० गते (26 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

